कनकासुन्दरी गाँउपालिकाको कार्यालय,

जुम्ला, कर्णाली प्रदेश

पोषण वस्तुगत विवरण
(Nutrition Profile)

२०८१

पोषण तथा खाद्य सुरक्षा नेपाल

कनकासुन्दरी गाँउपालिकाको कार्यालय,

विराट, सिंजा

जुम्ला, कर्णाली प्रदेश

भूमिका

नेपालले आर्थिक सामाजिक र मानव पुँजीको अवरोधको रुपमा रहेको कुपोषण अन्त्यको लागि निरन्तर कार्य गरिरहेको सन्दर्भमा कनकसुन्दरी गाउँपालिका जुम्लाले पनि पोषणका बिभिन्न अभियानहरू सञ्चालन गरी कुपोषण न्यूनीकरणको लागि प्रयास गरिरहेको छ । यस गाउँपालिकाले पोषण र खाद्य सुरक्षा सम्बन्धी चुनौतीहरूको सामना गरिरहेको छ। यस क्षेत्रको दुर्गम भूगोल, सीमित पूर्वाधार र कठोर हावापानीले खाद्यान्न अभाव र कुपोषणका समस्या बढाई रहेको छ । कनकसुन्दरी गाउँपालिकामा, जुम्लाका अन्य स्थानीय तहहरू जस्तै, कुपोषणको दर उच्च रहेका छ, जसमा पुट्कोपना, ख्याउटेपनबाट, र कम तौल हुनेको कुपोषण रहेको छ । यस क्षेत्रमा कुपोषण दर राष्ट्रिय औसतभन्दा माथि रहेको छ। दीर्घकालीन पोषणको कमीले गर्दा हुने पुट्कोपना थप चुनौति बढाएको छ, जसमा पाँच मुनिका लगभग एक तिहाइ बालबालिका प्रभावित छन्। त्यसैगरी, फोहोर र कम तौलले बालबालिकाको स्वास्थ्य र विकासका लागि गम्भीर चुनौतीहरू खडा गरेको छ। यहाँको पहाडी भूभागले कृषि उत्पादकत्वलाई सीमित गरेको छ र कनकसुन्दरी गाउँपालिकाका धेरै घरपरिवार निर्वाहमुखी खेतीमा निर्भर छन्। विविध खाद्यान्नहरूमा सीमित पहुँच र बजारको पहुँच कमीले खाद्य असुरक्षाको समस्यालाई बढाएको छ । गरिबी र आय सृजना गर्ने अवसरहरूको अभावले पोषणयुक्त खानेकुराहरू, विशेष गरी महिला र बालबालिकाहरूको पहुँचलाई कम गरेको छ। यसका साथै सामाजिक, सांस्कृतिक संस्कार र कुरीतिले समेत महिला, बालबालिकाहरूमा कुपोषणको जोखिम बढाएको छ । बाल विवाह, छिटो गर्भधारण र महिलाको कार्यबोझ जस्ता सामाजिक कुरीतिहरु समेत कुपोषणको प्रमुख कारणको रुपमा रहेको छ ।

यस गाउँपालिकामा परम्परागत आहार अभ्यासहरूमा प्रायः खाद्य विविधताको अभाव रहेको छ, जसले पर्याप्त पोषक तत्त्वहरूको सेवनमा समस्या पुऱ्याउँछ। चामल, मकै र आलु जस्ता मुख्य खानेकुराहरू आहारमा बढी सेवन गर्ने गरिन्छ, जबकि फलफूल, तरकारीहरू र पशुजन्य- स्रोतका खानेकुराहरूको खपत कम रहन्छ। कनकासुन्दरी गाउँपालिकाले सङ्घीय र प्रदेश सरकारका साथै विभिन्न विकास साझेदारहरूसँग मिलेर यी समस्याहरूलाई समाधान गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गरी रहेको छ ।

नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजनालाई यस गाउँपालिकाले समेत प्राथमिकताका साथ कार्यान्वयन गरि रहेको छ ।यस योजना अन्तरगत मातृ र बालबालिकाको पोषण तथा स्वास्थ्य अवस्थामा सुधार ल्याउनको लागि एकीकृत पोषण- विशेष र पोषण- संवेदनशील कार्यक्रम तथा अभियानहरू सञ्चालन भईरहेका छन ।

यसका साथै, विविध आहार प्रवर्द्धन गर्ने र घरेलु स्तरको खाद्य सुरक्षा सुधार गर्न पोषण- संवेदनशील कृषि, पशु, शिक्षा र खानेपानी तथा सरसफाइ कार्यक्रमहरू र सचेतना अभियानहरू चलिरहेका छन्।

सरोकारवाला, नागरिक समाज, स्थानीय संस्थाहरू, र गैरसरकारी संस्थाहरूबाट सहयोगी प्रयासहरूले पोषण शासनलाई सुदृढ पार्न र यी चुनौतीहरूलाई अझ प्रभावकारी रूपमा सामना गर्न स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने काम समेत भईरहेका छन्। कुपोषण कुनै एकल क्षेत्र वा निकायको पहलले मात्र न्यूनीकरण गर्न सकिदैन भन्ने कुरामा हामी सबै सहमत नै छौ । त्यसैले विकासको अवरोधको रुपमा रहेको कुपोषण न्यूनीकरणको लागि सबै तहका सरकार, निजी क्षेत्र, विकास साझेदार र नागरिक समाज बीच समन्वयात्मक सहकार्य र हातेमालो हुन जरुरी छ। यसका लागि सबै तहमा भएका सङ्गठनात्मक संरचनाहरूको क्षमता सुदृढीकरण, वित्तिय व्यवस्थापन र प्राविधिक जनशक्तिको उचित प्रबन्ध गरी संस्थागत विकास गर्न जरुरी छ । पोषण सुधारको लागि पिछडिएको क्षेत्र, वर्ग र समुदायलाई प्राथमिकतामा राखी काम गर्न जरुरी छ। निरन्तर प्रयासका बाबजुद पनि दुर्गम क्षेत्रहरूमा पहुँचमा कठिनाइ, अपर्याप्त स्वास्थ्य सेवा र सीमित पूर्वाधारका कारण चुनौतीहरू यथावत छन्। यद्यपि, सुधारको सम्भाव्यता समुदायमा आधारित दृष्टिकोणको लाभ उठाउने, स्थानीय शासन संरचनाको विस्तार गर्ने र पोषणको महत्त्वबारे जनचेतना बढाउनमा कनकासुन्दरी गाउँपालिका निरन्तर लागि रहेको छ।

महिला सशक्तीकरण र बाल पोषणमा केन्द्रित कार्यक्रमहरू, साथै स्थानीय विकास योजनाहरूमा पोषण सूचकहरूको समावेश गरी दिगो प्रगतिको लागि महत्त्वपूर्ण होस भन्ने उद्देश्यले यस गाउँपालिकाले पोषणको वस्तुगत विवरण तयार पारेको छ ।यस प्रोफाइलमा पोषणमैत्री स्थानीय शासन प्रबन्धन गर्न आवश्यक पर्ने विषयगत क्षेत्रका वाचकहरूको विश्लेषण गरी सोको अवस्था उल्लेख गरिएको छ ।यसका साथै गाउँपालिकाको सामान्य अवस्थाको बारेमा समेत जानकारी उल्लेख गरिएको छ। पोषणमैत्री स्थानीय शासनको अभियानलाई सार्थकता दिन यस प्रोफाइलले मद्दत पुग्नेछ। यो प्रोफाइलले कनकसुन्दरी गाउँपालिकामा पोषण अवस्थामा सुधार ल्याउन आवश्यक पर्ने कार्यक्रमहरूको तर्जुमा गर्न, पोषणमैत्री वडा तथा गाउँपालिका घोषणा अभियान सञ्चालन गर्न र रिक्तताको विश्लेषण गरी आवश्यक रणनीति तय गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

गाउँपालिका अध्यक्षको मन्तव्य.......

मन्तब्य

कुपोषण अन्त्यकोलागी कनकासुन्दरी गाउँपालिका जुम्लाले पोषणका बिभिनन अभियानहरु सञ्चालन गरि कुपोषण न्युनिकरणकालागी पैयासहरु गरिरहेको छ। कनकासुन्दरी गाउँपालिकामा जुम्लाका अन्य स्थानीय तहहरु जस्तै, कुपोषणको दर उच्च रहेको छ, जसमा पुट्कोपना, ख्याउटेपना र कम तौल रहेको छ। यस क्षेत्रमा कुपोषणको दर राष्ट्रिय औसत भन्दा माथि रहेको छ। त्यसैगरी, फोहोर र कम तौलले बालबालिकाको स्वास्थ्य र विकासका लागी गम्भीर चुनौतीहरु खडा गरेको छ। गरिवी र आय सृजना गर्ने अवसरहरुको अभावले पोषणयुक्त खानेकुराहरु, बिशेष गरि महिला र बालबालिकाहरुको पहुँचलाई कम गरेको छ। बाल विवाह, छिटो गर्भधारण र महिलाको कार्यबोझ जस्ता सामाजिक कुरीतिहरु समेत कुपोषणको प्रमुख कारणको रुपमा रहेको छ।

नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजनालाई यस गाउँपालिकाले समेत प्राथमिकताका साथ कार्यान्वयन गरि रहेको छ। यस योजना अर्न्तगत मातृ र वालवालिकाको पोषण तथा स्वास्थ्य अवस्थामा सुधार ल्याउनकोलागी एककिृत पोषण, बिशेष र पोषण, सक्वेदनशिल कायृक्रम तथा अभियानहरु सञ्चालन भईरहेका छन। यसका साथै, विविध आहार प्रवद्धन गर्न घरेलु स्तरको खाद्य सुरक्षा सुधार गर्न पोषण संवेदनशील कृषी, पशु, शिक्षा र खानेपानी तथा सरसफाई कार्यक्रमहरु र सचेतना अभियानहरु चलिरहेका छन। सरोकारवाला, नागरि समाज, स्थानीय संसथाहरु र गैरसरकारी संस्थाहरुबाट सहयोगी प्रयासहरुले पोषण शासनलाई सुदृढ पार्न र चुनौतीहरुलाई अझ प्रभावकारी रुपमा सामना गर्न स्थानिय तहको क्षमता अभिवृद्धि गर्ने काम भईरहेका छन। कुपोषण कुनै एकल क्षेत्र वा निकायको पहलले मात्र न्युनिकरण गर्न सकिदैन भन्ने कुरामा हामी सबै सहमत छौ। त्यसैले विकासको अवरोधको रुपमा रहेको कुपोषण न्युनिकरणकोलागी सबै तहका सरकार, निजी क्षेत्र, विकास साझेदार र नागरकि समाज बिच समन्वयातमक सहकर्य र हातेमालो हुन जरुरी छ।

महिला सशक्तकिरण र बाल पोषणमा केन्द्रित कार्यक्रमहरु साथै स्थानिय विकास योजनाहरुमा पोषण सुचकहरुको समावेश गरी दिगो प्रगतिको लागी महत्वपुर्ण होस भन्ने उद्येश्यले यस गाउँपालिकाले पोषणको वस्तुगत विवरण तयार पारेको छ। यसका साथै गाउँपालिकाको सामान्य अवस्थाको बारेमा समेत जानकारी उल्लेख गरिएको छ। पोषणमैत्री स्थानीय शासनको अभियानलाई सार्थकता दिन यस प्रोफाईलले मद्दत पुग्नेछ। यो प्रोफाईलले कनकासुनदरी गाउँपालिकामा पोषण अवस्थामा सुधार ल्याउन आवस्यक पर्ने कार्यक्रमहरुको तर्जुमा गर्न, पोषणमैत्री वडा तथा गाउँपालिका घोषणा अभियान सञ्चालन गर्न र आवस्यक रणनीति तय गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यो पोषणको वस्तुगत विवरण तयार गर्न आवस्यक पहल गर्नुहुने स्वास्थ्य शाखा प्रमुख लगायत शाखाका सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। साथै यस कार्यमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने प्लान ईन्टरनेशनल नेपाल, आतम सम्मानकालागी सहकार्य (क्याड) जुम्ला प्रति आभार प्रकट गर्न चाहन्छु। समग्र पोषण कार्यक्रम संञ्चालनमा सम्पुर्ण सरोकारवाला निकायको निरन्तर सहयोगको अपेक्षा लिएको छु।

कनकासुन्दरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय विराट, जुम्ला कर्णाली प्रदेश नेपाल

....

दामोदर प्रसाद आचार्य

अध्यक्ष

कनकासुन्दरी गाउँपालिका, विराट जुम्ला।

१. गाउँपालिकाको सामान्य परिचय

१.१ गाउँपालिकाको नक्सा



१.२ ऐतिहासिक पृष्ठभूमि :

नेपालको सङ्घीय संरचना अनुसार ७५३ स्थानीय तहहरू मध्य कनकासुन्दरी गाउँपालिका नेपालको खस भाषाको उद्‌गम थलो मानिने जुम्ला जिल्लाको सिँजा क्षेत्रको केन्द्र विन्दुमा अवस्थित रहेको छ। यस गाउँपालिकाको नामकरण गाउँपालिकाको प्रख्यात कनकासुन्दरी मन्दिरको नामबाट भएको हो । ऐतिहासिक महत्व सिँजा क्षेत्रको विशेषता बोकेको यस क्षेत्रमा खस सभ्यता तथा हिन्दु संस्कृतिको अनुपम सङ्गम रहेको छ । क्षेत्री ब्राम्हण, दलित, जातिहरूको मिश्रित बसोबास रहेको यस गाउँपालिकामा मुख्य बोलिचालीको भाषा खस नेपाली भूषा रहेको छ । धार्मिक रुपमा हिन्दु धर्माबलम्बीहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने मुख्य चाडपर्वहरूबाट दशैं, तिहार,

जनैपूर्णिमा, माघे संक्रन्ति, साउन पूर्णिमा, चैत्य दशैं आदि रहेका छन । धार्मिक तथा भाषिक रुममा एकरूपता रहेको यस गाउँपालिकामा सांस्कृतिक चाड पर्वको समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र सांस्कृतिक उत्कृष्टता झल्काउने गर्दछ । भेषभुषाका रुपमा पुरुषले मुख्य रुपमा दौरा, सुरवाल, टोपी तथा कोट र महिलाले गुन्यू, चोली र पटुकी लगाउने गर्दछन् ।

१.३ नामकरण :

नामाकरणको सन्दर्भमा गाउँपालिकाको नामकरण हाल वडा नं ४ मा रहेको प्रसिद्ध मन्दिर कनकासुन्दरी देविको मन्दिरको नाममा यस गाउँपालिकाको नामकरण भएको हो । कनकासुन्दरी मन्दिर यस क्षेत्रकै प्रसिद्ध धार्मिक स्थल हो । यसका साथै यस गाउँ पालिकामा विभिन्न ८ वडा मा रहेका प्रकृतिका तथा पर्यटक स्थल रहेका छन (पाण्डवगुफा, विराट दरवार, गरुडनु हनी, तिलि चौर, कनकासुन्दरी मन्दिर, बुढ्ढ मस्टो मन्दिर, लामाथाडा, विष्णुदेवीको मन्दिर, बुलबुले पाटन, रोत पर्यटकीय ताल, छेडे महादेव मन्दिर, जार्जगुफा) आदि प्रख्यात पर्यटकीय स्थलहरू यस गाउँपालिकामा अवस्थित रहेका छन ।

१.४ अवस्थिति तथा सिमाना :

यस गाउँपालिकाको पूर्वमा पातारासी गाउँपालिका पश्चिममा कालिकोट जिल्लाको पलाता गाउँपालिका उत्तरमा मुगु जिल्लाको खत्याड गाउँपालिका र दक्षिणमा सिँजा गाउँपालिका सँग सिमाना जोडिएको छ ।जुम्ला जिल्लाको कुल भुभाग ८.११ प्रतिशत ओगट्ने यस गाउँपालिकाले २२५.३९ वर्ग कि. मि भूभाग ओगटेको छ।

१.५ क्षेत्रफल :

यस गाउँपालिकाको कुल क्षेत्रफल २२५.३९ वर्ग कि.मि रहेको छ। गाउँपालिकाको कुल क्षेत्रफलको करिव ५५.३६% वनक्षेत्र, २६.२०% भू-भाग घाँसे मैदान वा चरण क्षेत्र र १५.१३% जमिन खेतियोग्य रहेको छ । गाउँपालिकालाई मूल क्षेत्र बनाएर अविरल बगिरहने हिमा नदि महेन्द्रमल्ली खोला, छलसेरी खोला, धोविघाट खोला, लेतेगाड, जिउगाड, न्याउरीगाड खोलाहरू यहाँका प्रकृति सम्पदाको साथै सिचाई कुलो गर्न महत्वपूर्ण रहेका छन्। जैविक विविधताको हिसाबले उच्च पर्वतीय चिसो हावापानीमा पाइने जिव अर्ना, थार, कस्तुरी, सुगुर, झारल, घोडल, डाँफे, कालिज, काँडेभ्याकुर, आदि जीवहरू मुख्य रुपमा रहेका छन्। जंगल क्षेत्रमा पाइने प्रमुख जडिबुटीहरु पाखनबेद, सतुवा, पाँचऔंले, गुच्छिच्याउ, जटामसी, सिलाजित, बन लसुन, कुरिल्लो, खिरौलो, सुर्कील्लो, टिपलाइटच्याउ आदि रहेका

छन्। यस गाउँपालिकाको माथिल्लो भेगमा अधिकांश स्थानमा बन तथा खर्क हरू रहेका छन्। गाउँपालिकाको उत्तर तिर देखिने रमणीय हिमाली श्रृखलाहरुले यहाँको सुन्दरता बढाएको छ ।

२. गाउँपालिकाको भौगोलिक स्वरुप:

समुन्द्री सतह देखि २५१४ मिटर मिटर सम्मको उचाई मा रहेको कनकासुन्दरी गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले २९ डिग्री २४ मिनेट ४९ सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री ० मिनेट ५५ सेकेन्ड पूर्वी देशान्तरमा फैलिएको छ । यस गाउँपालिका जुम्ला जिल्लाको सदरमुकाम खलङ्गा देखि करिव ५५ किमि दुरीमा पश्चिम भागमा रहेको छ । जुम्ला जिल्लामा अवस्थित कनकासुन्दरी गाउँपालिका कर्णाली प्रदेश अन्तर्गतको उच्च पहाडी विशेषता बोकेको गाउँपालिका हो। साविक बुम्रमाडीचौर, मालिकाबोता कनकासुन्दरी विराट र पाण्डवगुफा गा.वि.स मिलेर बनेको यो गाउँपालिकामा ८ वडा कार्यालयसँगै यहाँको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी र प्राकृतिक तथा सांस्कृतिक उत्कृष्टता विकासका प्रचुर सम्भावना रहेको छ।

२.१ गाउँपालिका देखि बिभिन्न वडा सम्मको दूरी

क्र. स.	देखि	सम्म	किलो मिटर
१	कनकासुन्दरी गाउँपालिका	काभ्रा	१६
२	कनकासुन्दरी गाउँपालिका	बोता	६
३	कनकासुन्दरी गाउँपालिका	लुम्डुवा	३
४	कनकासुन्दरी गाउँपालिका	हाटसिंजा	२
५	कनकासुन्दरी गाउँपालिका	लुडकु	१
६	कनकासुन्दरी गाउँपालिका	गोरुचौर	१
७	कनकासुन्दरी गाउँपालिका	रोकायाबाड़ा	३
८	कनकासुन्दरी गाउँपालिका	कोटघर	२

२.२ भू -उपयोग

भू-उपयोगको हिसाबले यो माथिल्लो कर्णालीका ५ वटा जिल्लाहरू मध्ये सबैभन्दा धेरै खेतीपातीको लागि खेती योग्य जमिन भएको जिल्लामा पर्दछ। यस जिल्ला भित्रका ८ वटा स्थानीय तहहरू मध्ये कनकासुन्दरी गाउँपालिकामा खेती योग्य जमिनको प्रयोग धेरै रहेको छ । सिँचाइ सुविधाको न्यूनता साथै अन्य कारणले गर्दा कूल खेतियोग्य जमिनको करिव ८२.५ प्रतिशतमा मात्र खेती हुनसकेको अवस्था छ। मार्सी चामल, कालो चामल, सीमि, कोदो, फापर, स्याउ जस्ता विशिष्ट उत्पादनले प्रसिद्धि पाएको यस गाउँपालिकाको रैथाने कृषि उत्पादनहरूलाई प्राङ्गारिक वस्तुका

रुपमा प्रबन्धन गर्ने सम्भावना भने उच्च छ। यसतर्फ स्थानीय सरकार लागि रहेको पनि छ। रैथाने बालीको विकासले खाद्यान्न अभावको समस्याको समाधान गर्न सघाउ पुग्ने देखिन्छ। कोदो, फापर, चिनो, कागुनो जस्ता कार्बोहाइड्रेट कम भएका खाद्यान्न र अन्य प्राङ्गारिक कृषि उपजहरूको देश भरि आकर्षण बढ्दो छ। यो एउटा अवसर हो। तर प्रदेशको बजार सानो र खण्डित छ। त्यस माथि भौगोलिक बिकटताको कारण यातायात सहज छैन। जसले गर्दा कृषि बजारीकरण एउटा चुनौतीको रुपमा रहेको छ।

भू उपयोगको अवस्था

क्र.सं.	विवरण	क्षेत्रफल (वर्ग कि. मि.)	कैफियत
१	कुल क्षेत्रफल	२२५.३९	
२	कुल वन क्षेत्र	५५.३६%	
३	झाडी बुट्यान क्षेत्र	२६.२० %	
४	चरण क्षेत्र		
५	कृषि क्षेत्र	१५.१३%	
६	वस्ति, भिर, पाखा आदि	४%	

३. जनसङ्ख्या विवरण

३.१ कर्णाली प्रदेशको जनसङ्ख्या विवरण

वि.सं. २०७८ को जनगणना अनुसार यस प्रदेशको कूल जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ रहेको छ जुन नेपालको कूल जनसङ्ख्याको ५.८१ प्रतिशत मात्र हो। कर्णाली प्रदेशमा कूल जनसङ्ख्याको झण्डै २९ प्रतिशत दलित समुदाय रहेको छ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको जनसङ्ख्या जम्मा ८१ जना रहेको छ।नेपालको जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत छ भने कर्णाली प्रदेशको जनसङ्ख्या वृद्धि दर ०.७१ प्रतिशत रहेको छ। लैङ्गिक अनुपात ९५.२७ रहेको छ। यसमा ८ लाख २३ हजार ७६१ (४८.८%) पुरुष र ८ लाख ६४ हजार ६५१ (५१.२०%) जना महिला रहेका छन्।प्रदेशमा कूल ३ लाख ६६ हजार २५५ घर परिवार रहेका छन्। औषत परिवारको आकार ४.६१ व्यक्ति प्रतिपरिवार रहेको छ। वि.सं. २०८१ सालसम्म आइ पुग्दा ०.७१ प्रतिशतको वृद्धिले कर्णाली प्रदेशको जनसङ्ख्या १७ लाख २३ हजार ८६९ पुग्ने अनुमान गरिएको छ। कूल जनसङ्ख्यामा बालबालिकाको सङ्ख्या ४२.८३ प्रतिशत छ। ६५ वर्ष काटेका व्यक्तिहरूको सङ्ख्या ५.३४ प्रतिशत छ यसमा ३.९ प्रतिशत ६८ वर्ष माथिका छन) भने ३.१ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन जुन अन्य प्रदेशहरूको तुलनामा क्रमश सबैभन्दा कम र सबैभन्दा बढी हो। आर्थिक रूपले सक्रिय जनसङ्ख्या ४१.४ प्रतिशत छ। देशको कूल जनसङ्ख्याको ६५.५ प्रतिशत आर्थिकरूपले सक्रिय

रहेकोमा यो प्रदेशमा यस्तो जनसङ्ख्याको प्रतिशत ५८.९ रहेको छ।यस प्रदेशको औसत जनघनत्व प्रति वर्ग कि.मी. ६० रहेको छ, जबकि नेपालको औसत जनघनत्व १९८ जना प्रति वर्ग कि.मि. छ। यसरी यो सबै भन्दा कम जनघनत्व भएको प्रदेश पनि हो। यहाँ नगरपालिकामा बसोबास गर्ने जनसङ्ख्या ५२.१ प्रतिशत रहेको छ भने गाउँपालिकामा बसोबास गर्नेको जनसङ्ख्या ४७.९ प्रतिशत रहेको छ ।

३.२ जुम्ला जिल्लाको जनसङ्ख्या

विवरणकर्णाली प्रदेशमा पर्ने १० वटा जिल्लाहरू मध्ये जुम्ला जिल्ला पनि एक हो।२०७८ को राष्ट्रिय जनगणना अनुसार यस जिल्लाको जम्मा जनसङ्ख्या ११८३४९ रहेको छ।जसमा पुरुष ५९२२८ र महिला ५९१२१ रहेका छन।जनसङ्ख्या वृद्धि दर ०.८० प्रतिशत रहेको छ।कूल जनसङ्ख्यामा बालबालिकाको सङ्ख्या ३२ प्रतिशत छ। १५ देखि ६४ वर्ष काटेका व्यक्तिहरूको सङ्ख्या ७३.९ प्रतिशत छ भने ६५ वर्ष काटेका व्यक्तिहरूको सङ्ख्या ४.१ प्रतिशत छ।साक्षरता दर ७०.५ प्रतिशत रहेको छ।यस जिल्लाको औसत जनघनत्व प्रति वर्ग कि.मी. ४६.७६ रहेको छ।

३.३ स्थानीय तहको जनसङ्ख्या विवरण

२०७८ को जनगणना अनुसार नेपालमा कनकासुन्दरी गाउँपालिकामा जम्मा घरधुरी २७५४ र जनसङ्ख्या १३६२५ रहेको छ ।जसमा पुरुषको सङ्ख्या ६७३४ र महिलाको सङ्ख्या ६८९१ रहेको छ ।जनसङ्ख्या वृद्धि दर ०.२९ प्रतिशत रहेको छ।कूल जनसङ्ख्यामा बालबालिकाको सङ्ख्या ४२४५ छ। १५ देखि ६४ वर्ष काटेका व्यक्तिहरूको सङ्ख्या ८७५५छ भने ६५वर्ष काटेका व्यक्तिहरूको सङ्ख्या ६२५ छ। साक्षरता दर ६८.६ प्रतिशत रहेको छ। जसमा जम्मा साक्षर जनसंख्या ८४४८ रहेको छ ।जस मध्ये पुरुष ४७१९ र महिला ३७२९ साक्षर रहेका छन। यस स्थानीय तहमा आर्थिक रूपले सक्रिय जनसङ्ख्या जम्मा ७४०८ रहेको छ भने त्यस मध्ये पुरुष ३६५६ र महिला ३७५२ रहेका छन।यस गाउँपालिकाको औसत जनघनत्व प्रति वर्ग कि.मी. ६०.४५ रहेको छ ।गाउँपालिकामा औसत परिवार ५.९५ रहेको छ भने लैङ्गिक अनुपात ९७.७२ रहेको छ ।सङ्ख्या यस स्थानीय तहमा खानेपानीको सुविधाको हिसावले हेर्दा पाईपबाट खानेपानीको सुविधा प्रयोग गर्ने घरपरिवार २३०७ रहेको छ भने सार्वजनिक धाराको प्रयोग गर्ने ४३० घरपरिवार रहेको छ ।त्यसैगरी खान पकाउनको लागि दाउराको प्रयोग गर्ने घरपरिवार ३६१८ रहेको छ भने ग्याँस चुलो प्रयोग गर्ने घरपरिवार १३२ रहेको छ ।विधुतको पहुच ११३४ घरपरिवारमा पुगेको छ भने सोलार प्रयोग गर्ने १५८६ घरधुरी रहेका छन ।२०७८ को जनगणना अनुसार २७१३ घरधुरीले शौचालय प्रयोग गर्छन भने अझै पनि ४१ घरधुरीमा शौचालय छैन ।मोबाईल प्रयोग गर्ने जनसंख्या ४०३४ रहेको छ ।

४. क्षेत्रगत विवरण

४.१ स्वास्थ्य क्षेत्र

कनकासुन्दरी गाउँपालिकामा जम्मा ८ वटा रहेका छन ।स्वास्थ्य सेवा प्रवाहका हिसाबले यहाँको लक्षित जनसङ्ख्या १३६९५ रहेको छ भने अनुमानित जीवित जन्म २७५ र १ वर्षमुनिको सङ्ख्या २६८ रहेको छ ।५ वर्ष मुनिको बालबालिकाको सङ्ख्या १२३८ रहेको छ ।५ वटा स्वास्थ्य चौकी र ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र २ वटा सामुदायिक स्वास्थ्य इकाई गरी ८ वटै वडामा स्वास्थ्य केन्द्रहरू रहेका छन्।

४.१.१ स्वास्थ्य सेवाको लागि लक्षित वर्ग र सेवा केन्द्रहरूको विवरण

विवरण	सङ्ख्या
जम्मा वडा संख्या	८
जम्मा जनसंख्या	१३६९५
अनुमानित जिवित जन्म संख्या	२७५
१ बर्ष मुनिको जनसंख्या	२६८
१२ देखी २३ महिना सम्म	२५९
५ बर्ष मुनिको जनसंख्या	१२३८
१५ - ४९ वर्षका विवाहित महिला	४२९
अनुमानित गर्भवति संख्या	४२९
पूर्ण खोप सुनिश्चितता घोषणा भएका वडा संख्या	८
स्थानिय तहले सुचिकृत गरेको सुरक्षित गर्भपतन सेवा लागु भएको संस्था संख्या	१
पूर्ण संस्थागत प्रसूती भएका वडा संख्या	५
पोषण मैत्री स्वास्थ्य संस्था संख्या	१
पूर्ण सरसफाई घोषणा भएका वडा संख्या	८
सुरक्षित खानेपानी योजना लागु भएका संस्था	५

४.२ स्वास्थ्य सेवा केन्द्रहरूको विवरण

स्वास्थ्य चौकी संख्या	५
सामुदायिक स्वास्थ्य इकाइ संख्या	५
शहरी स्वास्थ्य केन्द्र संख्या	०
आधारभूत स्वास्थ्य सेवा केन्द्र संख्या	२
आयुर्वेद औषधालय	१
बर्थिङ सेन्टर संख्या	५
BEoNC	५
खोप क्लिनिक सङ्ख्या	१५
गाउँघर क्लिनिक संख्या	१३
महिला स्वास्थ्य स्वयंसेविका संख्या	८८
प्रयोगशाला भएका स्वास्थ्य संस्था संख्या	४
मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था संख्या	८

४.३ स्वास्थ्य सेवा केन्द्रमा भएक जनशक्तिको विवरण

क्र. सं.	स्वास्थ्य चौकीको प्रकार	पद	सरकारी		कार्यरत	
			स्वीकृत दरवन्दी संख्या	पदपुर्ती	स्थायी	संघीय करार
१	स्वास्थ्य चौकी	प्रशासनीक कर्मचारी	२०	१८	१८	३०

		प्रशासनीक कर्मचारी	५	१	१	१३
२	महिला स्वास्थ्य स्वयम सेविका		८८			
३	गाउघर क्लिनीक		१४			
४	खोपक्लिनीक		१५			

४.४ संस्था अनुसारको जनशक्तिको अवस्था

स्वास्थ्य संस्था	प्यारामेडिक्स (ज.स्वा.अ/ज.स्वा.नि/हे.अ/सि.अ.हे व/अ.हे.व)			नर्सिङ (स्टाफ नर्स/सि.अनमी / अनमी)			अन्य प्राविधिक (ल्याब, X-ray, अन्य)			जम्मा		
	दरबन्दी	पूर्ति	करार	दरबन्दी	पूर्ति	करार	दरबन्दी	पूर्ति	करार	दरबन्दी	पूर्ति	करार
बुम्रमाडीचौर स्वास्थ्य चौकी	३	३	१	२	१	२	०	०	३	५	४	६
मालिकाबोता स्वा.चौ.	३	३	१	२	२	२	०	०	२	५	५	५
बिराट स्वा.चौ.	३	३	०	२	२	०	०	०	२	५	५	२
हाट्सिंजा स्वा.चौ.	३	३	२	२	२	२	०	०	५	५	५	९
पाण्डवगुफा स्वा.चौ.	३	३	२	२	२	१	०	०	४	५	५	७
आधारभुत स्वा.के.गोरुचर	०	०	१	०	०	१	०	०	२	०	०	४
आधारभुत स्वा.के.लुड्कु	०	०	१	०	०	१	०	०	१	०	०	३

आधारभुत स्वा.के.रानिसैन	०	०	१	०	०	०	०	०	१	०	०	२
स्वास्थ्य शाखा	१	१	०	१	१	०	०	०	२	२	२	२
जम्मा	१६	१६	९	११	१०	९	०	०	२२	२७	२६	४०

४.५ गाँउपालिकाको भित्र मध्य तथा कडा कुपोषणको स्थिति

क्र. सं.	वडाको नाम	मध्यम खालको कुपोषण भएका वालवालिकाको संख्या		कडा खालको कुपोषण भएका वालवालिकाको संख्या	
		० देखी ११	१२ देखी २३ महिना	० देखी ११	१२ देखी २३ महिना
१	१	०	०	०	०
२	२	०	०	०	०
३	३	१	०	०	०
४	४	०	१	०	०
५	५	०	०	०	०
६	६	०	०	०	०
७	७	०	०	०	०
८	८	०	०	०	०

४.६ गाँउपालिकामा विद्‍यमान स्वास्थ्य सेवा प्रभावको अवस्था

क्र. सं.	पालिकमा सेवा प्रवाह भईरहेका	सेवा प्रवाह हुने वडाहरु	नियमित रुपमा	सुरक्षित प्रसूति गराउने	खोप केन्द्रको	गाउघर क्लिनि	वहिरंग उपचार केन्द्र	स्वयम सेविकाह

	स्वास्थ्य संस्थाहरु		सेवा प्रवाहको अवस्था	तालीम प्राप्त स्वास्थ्य कर्मी	अव स्था	कको अवस्था	(OTC) भए र नभएको	रुको संख्या
१	बुमरामडी	१	ठीक छ	१	ठिक	ठीक	छैन	१०
२	मालिकाबोता	२	ठीक छ	२	ठिक	भवन ठीक छैन	छैन	१२
३	बुडु	३	ठीक छ	२	ठिक	भवन ठीक छैन	छैन	१६
४	हाटसिजा	४	ठीक छ	३	ठिक	भवन ठीक छैन	छ	१२
५	लुडकु	५	ठीक छ	०	ठिक	भवन ठीक छैन	छैन	८
६	गोरुचौरा	६	ठीक छ	१	ठिक	भवन ठीक छैन	छैन	९
७	रानीसैन	७	ठीक छ	०	ठिक	ठिक	छ	९
८	पांडुगुफ़ा	८	ठीक छ	२	ठिक	ठीक छ		१२

४.७ गाँउपालिकामा हाल सम्म बनेका स्वास्थ्य सम्बन्धी दस्तावेजहरुको विवरण

दस्तावेज	अवस्था(नबनेको/बने)	जारी मिति
स्वास्थ्य नीति	बनेको	२०७८
स्वास्थ्य ऐन	बनेको	२०७८
आवधिक योजना	बनेको	२०७७
वार्षिक स्वास्थ्य योजना	बनेको	२०७९
स्वास्थ्य क्षेत्रको अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण निर्देशिका	बनेको	२०७९
स्वास्थ्य संस्था दर्ता , अनुमति तथा नबिकरण सम्बन्धी निर्देशिका	बनेको	२०७८
वार्षिक खरिद योजना.आ) ब. २०८०/८१(	बनेको	२०८०
पोषणमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०८१	बनेको	२०८१
पोषण प्रोफाईल	बनेको	२०८१

४.८ स्वास्थ्य, पोषण र मातृशिशु सेवा सम्बन्धि सूचकहरुको अवस्थाः

सुचकहरू	२०७८/०७९	२०७९/०८०	२०८०/०८१
कम जन्म तौल (२.५ भन्दा कम) भएका नवजात शिशुको प्रतिशत	4.8	5%	2.1
बृद्धि अनुगमनको लागि दर्ता गरिएका २३ महिना पुरा गरेका बालबालिकाको औषत भेट	130.3	10%	21
जन्मेको १ घण्टा भित्र स्तनपान गराएको शिशुको प्रतिशत	134.5	98.34%	100
जन्मेको ६ महिनासम्म स्तनपान गराएको बच्चाहरूको प्रतिशत	139.7	100%	97.2

गर्भवती अवस्थामा १८० दिन आइरन चक्की प्राप्त गरेका गर्भवती महिलाहरुको प्रतिशत	56.6	38.4	75.6
सुत्केरी अवस्थामा भिटामिन ए प्राप्त गरेका महिलाहरुको प्रतिशत	89.7	69	102
शिघ्र कुपोषण भएका नयाँ बच्चाहरुको प्रतिशत (% of MAM Cases, new)	4.9	4%	8
शिघ्र कुपोषण भएका बच्चाहरु मध्ये निको भएकाको प्रतिशत	37	86%	100
३ साइकल (१८० पिस) बालभिटा पाउने ६ देखि २३ महिनाको बालकालिकाको प्रतिशत	0	0	0
पहिलो चरणमा भिटामिन ए को आम वितरणको प्रतिशत	0	93%	105
दोस्रो चरणमा भिटामिन ए को आम वितरणको प्रतिशत		105%	80
क्याल्सियम चक्की पाएका महिलाहरुको प्रतिशत		67%	90
पाँच बर्षमुनिका बालबालिका मध्ये IMNCI कार्यक्रममा दर्ता भएका (enrolled) विरामीको प्रतिशत	0.26	75.7	111
जन्मने वितिक्कै नाभी मलम लगाएका नवजात शिशुहरूको प्रतिशत	79.4	67.3	100
०-५९ दिनका शिशुहरू मध्ये ब्याक्टेरियाको गम्भीर संक्रमण भएका शिशुहरूको प्रतिशत	0	1.	0
ब्याक्टेरियाको गम्भीर संक्रमण भएका मध्ये जेन्टामाईसिन सुईद्वारा पूर्ण उपचार पाएकाको प्रतिशत	0	0	0
०-५९ दिनका शिशुहरू मध्ये स्तनपान सम्बन्धि समस्या भएकाको प्रतिशत	0	0	0

८-५९ दिनका निमोनिया भएका शिशुहरू मध्ये एमोक्सिसिलिनद्वारा उपचार गर्नेको प्रतिशत		100%	100
श्वासप्रश्वास बिरामी दर (प्रति हजार २-५९ महिनाका बालबालिकाहरुमा)	400.3	274.9	571
निमोनिया बिरामीको दर (प्रति हजार २-५९ महिनाका बालबालिकाहरुमा)	100.4	99.4	57
निमोनिया तथा कडा निमोनिया भएका बच्चा मध्ये एमोक्सिसिलिन द्वारा उपचार गर्नेको प्रतिशत	100.4	99.4	100
झाडापखालाका बिरामी दर (प्रति हजार २-५९ महिनाका बालबालिकाहरुमा)	153.9	134.9	230
२-५९ महिनाका झाडापखालाका बिरामी मध्ये जिंक र पुनर्जलीय झोलबाट उपचार पाएकाको प्रतिशत	85.3	71.3	81
दिघ्र झाडापखाला लागेका बालबालिका संख्या	0	0	0
मध्यम र कडा कुपोषण भएका बालबालिकाको संख्या	5	15	20
२ महिना मुनिका शिशुको जम्मा मृत्यु	0	0	0
२-५९ महिना बालबालिकाको जम्मा मृत्यु	0	0	0
जम्मा महिला स्वास्थ्य स्वयंसेविका संख्या	88	88	88
आमा समूहको बैठक संचालन प्रतिशत	96.8	99	99.6
महिला स्वास्थ्य स्वयंसेविकाले प्रति महिना प्रदान गरेको सेवाग्राहीको औसत संख्या (प्रति स्वयंसेविका)	365.5	327.8	198
जम्मा गाउँघर क्लिनिक संख्या	180	156	161
गाउँघर क्लिनिक संचालन प्रतिशत	71.11	91.66	98

प्रत्येक गाउँघर क्लिनिकबाट सेवा लिएका सेवाग्राहीको औसत संख्या	2301	2575	20(3066)
जम्मा खोप क्लिनिक संख्या	168	180	180
खोप क्लिनिक संचालन प्रतिशत	100	98.34	100
प्रत्येक खोप क्लिनिकबाट सेवा लिएका सेवाग्राहीको औसत संख्या	2023	1809	1706(10)
सरसफाइ सेसन संचालन पटक	0	180	180
सरसफाइ सेसनमा सहभागीको संख्या	0	1753	1655

४.९ प्रसुती गृहको विवरण

प्रसुती गृहको (Birthing Centre)को नाम	कार्यरत नर्सिङ स्टाफ संख्या	SBA तालिम प्राप्त स्वास्थ्यकर्मी संख्या	आ.व २०८०/०८१ को जम्मा प्रसुती गराईएको संख्या
बुम्रमाडीचौर स्वास्थ्य चौकी जुम्ला	२	1	4
मालिकावोता स्वास्थ्य चौकी जुम्ला	3	1	27
विराट स्वास्थ्य चौकी जुम्ला	2	2	17
हाटसिंजा स्वास्थ्य चौकी जुम्ला	4	२	46
पाण्डवगुफा स्वास्थ्य चौकी जुम्ला	3	२	49

५. शिक्षा क्षेत्रः

यस गाँउपालिकामा कुल साक्षरता दर ६८.६ प्रतिशत रहेको छ जसमध्ये पुरुष ७७.८ प्रतिशत र महिला ५९.१ प्रतिशत साक्षर रहेका छन। जस्मा जम्मा साक्षर जनसंख्या ८४४८ रहेको छ । जस मध्ये पुरुष ४७१९ र महिला ३७२९ साक्षर रहेका छन । गाँउपालिका भरी सामुदायिक र संस्थागत गरी जम्मा ३२ वटा बिध्यालयहरु रहेका छन । जसमा ३ वटा बालविकास केन्द्र, २२ वटा आधारभुत विध्यालय र ७ वटा माध्यामिक विध्यालयहरु रहेका छन ।

कनकासुन्दरी गाउँपालिकामा ५ देखि २५ वर्ष उमेर समूहका कुल ३ हजार ८ सय ९५ जनसङ्ख्या मध्ये कुल २ हजार ७३ पुरुष र १ हजार ८२२ महिला विद्यालयमा अध्ययनरत रहेका छन । विद्यालय जाने पुरुष र महिलाको अनुपात १.१४ रहेको छ भने विद्यालय नजानेको अनुपात ०.५९ रहेको छ ।

यस गाँउपालिकामा रहेका जम्मा वाल विकास केन्द्र आधारभुत तह र मावि गरी जम्मा ३१ वटा सामुदायिक विद्यालयमा जम्मा छात्रा २१६० जना र जम्मा छात्र १६२० जना गरी कुल ३७८० जना बिद्यार्थीहरु अध्ययनरत रहेका छन ।

जुम्ला जिल्लाका जम्मा ५वटा नमूना विद्यालयहरु मध्ये एक श्री महादेव मावि बुम्रमाडिचौर कनकासन्दरी गाँउपालिकामा पर्दछ ।

५.१ विध्यालयको विवरण

क्र.स	विध्यालयको संख्या	सामुदायिक			संस्थागत	जम्मा
		बाल विकास केन्द्र	नि.मा.बि	मा.बि		
१	कनकासुन्दरी गापा	३	२०	७	२	३२

५.२ बालविकास केन्द्रको विवरण

सि.न.	बाल विकास केन्द्रको नाम	बाल विकास केन्द्रको ठेगाना	सहजकर्ताको नाम	सम्पर्क फोन नं
१	ध्यामा बाल बिकास केन्द्र	ध्यामा वडा नं. ०३		
२	हिमा बाल बिकास केन्द्र	बोता वडा नं. ०२		
३	हिमालयन बाल बिकास केन्द्र			
४	जनज्योति बाल बिकास केन्द्र	लार्ज वडा नं. ०६		

५.३ दिवा खाजा लागु भएका स्कुलको विवरण

सि.न.	वडाको नाम	विद्यालयको नाम	कैफियत
१	१ काभरा	महादेव आधारभुत बिद्यालय चौथा	सबै विद्यालयहरुमा दिवा खाजा लागु भएको
२	२ बोता	नेपाल राष्ट्रिय मावि	सबै विद्यालयहरुमा दिवा खाजा लागु भएको
३	३ लुम्डुवा	माध्यामिक बिद्यालय बुडुचौतारा, कोईलीचरी मावि	सबै विद्यालयहरुमा दिवा खाजा लागु भएको
४	४ हाटसिजा	भैलेपाटा आधारभुत बिद्यालय	सबै विद्यालयहरुमा दिवा खाजा लागु भएको
५	५ लुडकु	कनकासुन्दरी मावि	सबै विद्यालयहरुमा दिवा खाजा लागु भएको
६	६ गोरुचौरा	आधारभुत बिद्यालय, गोरुचौर	सबै विद्यालयहरुमा दिवा खाजा लागु भएको

७	७ रोकाबाड़ा	मालिका मावि खिच्ने	सबै विद्यालयहरुमा दिवा खाजा लागु भएको
८	८ पांडुगुफ़ा	पाण्डुगुफा मावि	सबै विद्यालयहरुमा दिवा खाजा लागु भएको

५.४ संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको विवरण

सि . .नं	विद्यालयको नाम	जम्मा छात्रा	जम्मा छात्र	जम्मा विद्यार्थी संख्या
१	आधारभूत विद्यालय, धोबीघाट	31	21	52
२	आधारभूत विद्यालय, गोरुचौर	159	90	249
३	शौबदा आधारभूत विद्यालय	19	20	39
४	आधारभूत विद्यालय, सिप्टी	22	14	36
५	आधारभूत विद्यालय, रोकाया बडा	85	83	168
६	भैलेपाटा आधारभूत विद्यालय	19	26	45
७	बिन्द्रासैनी आधारभूत विद्यालय	29	12	41
८	देवीचर आधारभूत विद्यालय	5	7	12
९	ध्यामा बाल विकास केन्द्र	10	1	11
१०	ज्ञानोदय आधारभूत विद्यालय	29	15	44
११	हिमा बाल विकास केन्द्र	4	3	7
१२	हिमा आधारभूत विद्यालय	35	27	62
१३	हिमालयन बाल विकास केन्द्र	14	39	53
१४	जनज्योति बाल विकास केन्द्र	12	2	14

सि . .नं	विद्‌यालयको नाम	जम्मा छात्रा	जम्मा छात्र	जम्मा विद्‌यार्थी संख्या
१५	जय भवानी बाल विकास केन्द्र	19	11	30
१६	काफल डाँडा आधारभूत विद्‌यालय	101	117	218
१७	कैलाश आधारभूत विद्‌यालय	42	29	71
१८	कालिका आधारभूत विद्‌यालय	38	44	82
१९	कनका सुन्दरी मावि	443	257	700
२०	कोइलीचारी मावि	109	105	214
२१	कुलदेव आधारभूत विद्‌यालय	20	19	39
२२	महादेव आधारभूत विद्‌यालय चौथा जुम्ला	14	17	31
२३	महादेव मावि	98	105	203
२४	महारुद्र आधारभूत विद्‌यालय	3	5	8
२५	मालिका आधारभूत विद्‌यालय	26	23	49
२६	मालिका मावि खिच्ने	269	173	442
२७	नवदुर्गा आधारभूत विद्‌यालय	25	13	38
२८	नेपाल राष्ट्रिय मावि	136	85	221
२९	पाण्डबगुफा मावि	233	169	402
३०	माध्यमिक विद्‌यालय बुड्‌चौतारा	104	75	179
३१	श्री कालिका आधारभूत विद्‌यालय	7	13	20
	जम्मा	2160	1620	3780

६. कृषि विकास क्षेत्र

यस गाँउपालिकामा रहेका बहुसंख्यक जनताको मुख्य पेशा भनेकै कृषि हो । जसमा कृषिले जीविकोपार्जनमा महत्वपूर्ण भूमिका खेलेको छ । जसलाई समष्टि रूपमा हेर्ने हो भने लगभग ७६ प्रतिशत मानिसहरू कृषि पेशामा संलग्न छन्। तर, यस गाँउपालिकाले खाद्य तथा पोषण सुरक्षा हासिल गर्न, उत्पादकत्व र उत्पादनमा बृद्धि गर्न र जलवायु परिवर्तन र प्राकृतिक प्रकोपसँग अनुकूलन गर्न धेरै चुनौतीको सामना गरिरहेको छ ।

खाद्य असुरक्षा र बारम्बार आउने प्राकृतिक प्रकोप जस्तै बाढी, खडेरी, पहिरो, रोग र कीराको प्रकोपको मुख्य समस्या हुन । खाद्य असुरक्षा र कुपोषणका प्रमुख कारण कम कृषि उत्पादकत्व, बजार र सेवामा सीमित पहुँच, गरीब आहार विविधता र सामाजिक तथा आर्थिक असमानता मुख्य कारक हुन् । यसर्थ यहाँको कृषि क्षेत्र अझै निर्वाहमुखी खेतीमा हावी छ । जसको फलस्वरूप कम उत्पादकत्व र कृषि उपजको उत्पादन हुन्छ। जसमा यहाँको मुख्य बालीलाई हेर्ने हो भने धान, गहुँ, मकै र कोदोजस्ता प्रमुख बालीको औसत उत्पादन रहेको छ । हालसम्मको स्थितिलाई अवलोकन गर्ने हो भने सिँचाइ सुविधाको अभाव, सुधारिएको बिउ र मलको अपर्याप्त प्रयोग, कमजोर विस्तार तथा अनुसन्धान सेवा, जमिनको खण्डीकरण, क्षय, श्रमिकको अभाव, बसाइँसराइ, बीमाको अभाव जस्ता प्रमुख कारक कृषि उत्पादकत्व तथा उत्पादनमा बाधा पुऱ्याएको ज्वलान्त उदाहरण छन् ।

यसको साथसाथै उन्नत प्रविधि, नवीनता, ताजा तथ्यांक, विस्तार सेवा, गुणस्तरीय इनपुट, मूल्य शृंखला विकास, बजार सम्बन्ध र फसलपछिको व्यवस्थापनमार्फत बाली, पशुपालन, र वनको उत्पादकत्व र उत्पादनमा सुधार गर्नेको साथै आहार विविधीकरण, पोषण शिक्षामार्फत खाद्य र पोषण सुरक्षा प्रवर्धन गर्नुपर्ने देखिन्छ ।

६.१ गाँउपालिकामा हुने प्रमुख खाद्यन्न बालिहरुको विवरण

क्र. स.	प्रमुख वालिहरु	वडाहरु
१	गहुँ, आलू, फापर, चीनो, सिमि, जौ	वडा नं. १
२	गहु, आलू, फापर, चीनो, सिमि, जौ, कोदो, धान,	वडा नं. २
३	गहुँ, आलू, फापर, चीनो, सिमि, जौ	वडा नं. ३
४	गहुँ, आलू, फापर, चीनो, सिमि, जौ, कोदो, धान	वडा नं. ४
५	मकै, गहुँ, आलू, फापर, चीनो, सिमि, जौ, कोदो, धान	वडा नं. ५
६	भटमास, मकै, गहुँ, आलू, फापर, चीनो, सिमि, जौ, कोदो, धान	वडा नं. ६
७	भटमास, मकै, गहुँ, आलू, फापर, चीनो, सिमि, जौ, कोदो, धान	वडा नं. ७
८	भटमास, मकै, गहुँ, आलू, फापर, चीनो, सिमि, जौ, कोदो, धान	वडा नं. ८

६.२ पोषणयुक्त रैथाने खाद्यान्न बालिहरुको विवरण

गाँउ पालिकामा रहेका प्रमुख पोषणयुक्त रैथाने बालीहरुमा फापर, चिनो, सिमि, जौ, कोदो, आलु, चामल र भटमास रहेका छन । यस्का साथै यो क्षेत्रमा ओखर, स्याउ र आरु पनि प्रसस्त मात्रामा उत्पादन हुने गरेको छ। पोषणयुक्त रैथाने बालिबाट उत्पादन हुने खाद्यन्नबाट बनाईने परिकारहरु भने परम्परागत नै रहेका छन । पोषणयुक्त रैथाने बालिको उत्पादन र संरक्षणको लागि कार्य गर्न जरुरी छ । यस्का लागि बिउ बैक र खाद्यन्नबाट बिभिन्न किसिमका परिकारहरु बनाउने प्रविधिहरुको प्रयोग गरी

तालिम तथा सीपको विकास गर्न सकिन्छ । यसका साथै पोषणयुक्त रैथाने बालीहरुको उत्पादन बढाउनका लागि आईपीएम विधिमार्फत कृषक पाठशाला सञ्चालन गरी उन्नत प्रविधि र परम्परागत प्रविधिको समायोजन गरी खेति गर्नुपर्ने देखिन्छ ।

७. महिला तथा बालबालिका क्षेत्र

देशको जम्मा जनसंख्याको आधाभाग ओगटेको नेपाली महिलाहरुको स्थिति सुधारात्मक अवस्थामा रहेको पाइन्छ। महिलाहरुको विषय संवेदनशिल विषय भएको गहन रुपमा लिन थालिएको छ। महिला सशक्तिकरण, सहभागिता, लैङ्गिक समावेशीकिरण गदै समतामूलक समाज निर्माण गर्ने सम्बन्धमा नेपालको संविधान २०७२ कोशेढुङ्गाको रुपमा रहेको छ । स्थानीयतह नेतृत्वमा समेत महिलाहरुको सहभागिता बृद्धि भईरहेको छ । यस्का साथै महिलाहरु आर्थिक रुपमा सशक्त हुनको लागि उत्पादनमुलक कार्यमा संलग्नता बढीरहेको छ ।

सामाजीकरुपमा भने महिलाहरु प्रति हुने बिभेद, लैङ्गिक हिंसा र कार्यबोझ कम गर्न र महिलाहरुको स्वास्थ्य तथा पोषणको अवस्था सुधारको लागि काम गर्नुपर्ने देखिन्छ । बाल विवाह र कम उमेरमै बच्चा जन्माउने समस्या प्रमुख चुनौतिको रुपमा रहेको छ।

२०७८ को जनगणना अनुसार यस गाँउपालिकामा जम्मा ५ वर्ष पुरा भएका बालबालिकाहरुको संख्या १५०२ रहेको छ त्यसमध्ये जन्मदर्ता गराउनेको संख्या १३५९ रहेको छ भने १४३ जना बालबालिकाको जन्मदर्ता भएको छैन । जम्मा ९०.५ प्रतिशत बालबालिकाहरुले जन्मदर्ता गरेका छन भने गर्ने ९.५ प्रतिशत रहेका छन ।

यस गाँउपालिकामा जम्मा ५४ वटा महिला समुहहरुको रहेका छन भने बाल क्लबहरु २८ वटा रहेका छन जसमध्ये ४ वटा दर्ता भएका छन भने बाँकी दर्ता प्रक्रियामा रहेका छन ।

७.१ महिला सहकारी तथा समुहको विवरण

सि. नं.	सहकारी संस्थाको नाम	वडा नं.	जम्मा सेयर सदस्य संख्या	बचत	लगानी
१	हिमा महिला विकास सहकारी संस्था	६	३६७	८६१९२३	१८००००००
२	नौलो बिहानी सहकारी संस्था	६	९००	३००५७७२	९०००००००
३	कालिका सहकारी संस्था	६	१५००	६२६००	५००००००
४	सिंजा सहकारी संस्था	६	२३००	२२००००००	२०००००००
५	सांगलो सहकारी संस्था	६	८४	१२००००	५००००००
६	चंदननाथ सहकारी संस्था	६	६५	१५००००	१५००००

७.२ महिला समुहहरुको विवरण

सि.न.	वडा को नाम	समुह संख्या	जम्मा सदस्य संख्या	बचत
१	१ काभरा	९	१८०	४३२००
२	२ बोता	९	२०७	१२४२००

३	३ लुम्डुवा	१३	३२५	१९५०००
४	४ हाटसिजा	१०	२५०	१५००००
५	५ लुडकु	७	२१०	१२६०००
६	६ गोरुचौरा	९	२०७	१२४२००
